# कृषि सडक / सिचाई मर्मत तथा सम्भार कार्यक्रम कार्यविधि, २०७६

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत

नेपाल

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी
सचिव

# कृषि सडक/ सिचाई मर्मत तथा सम्भार कार्यक्रम कार्यविधि, २०७६

मा.मन्त्रीज्यूबाट मिति
२०७६/०८/१६ गते स्वीकृत

**प्रस्तावना :**

कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७६/७७ को स्वीकृत कृषि सडक/सिचाई मर्मत सम्भार कार्यक्रम अनुसार आ.व. ०७५/७६ देखि कर्णाली प्रदेशका १० वटै जिल्लाहरूमा निर्माण सम्पन्न भएका ग्रामिण कृषि सडक/ सिचाईका योजनाहरू प्राकृतिक प्रकोप कारण वा अन्य कारणहरूले गर्दा क्षती पुगेको अवस्थामा मर्मत तथा सम्भार गर्नको लागि यो **"कृषि सडक/ सिचाई मर्मत तथा सम्भार कार्यक्रम कार्यविधि, २०७६"** तयार गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "कृषि सडक/सिचाई मर्मत तथा सम्भार कार्यक्रम कार्यविधि, २०७६" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "मन्त्रालय" भन्नाले भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्नेछ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालयवा मन्त्रालय अन्तर्गतका आर्थिक सहयोग प्रवाह गर्ने निर्देशनालय, कृषि विकास कार्यालय, पशु अस्पताल तथा पशुसेवा कार्यालय समेतलाई सम्झनु पर्नेछ ।

(ग) "कृषि सडक / सिचाई " भन्नाले मन्त्रालय वा मन्त्रालय अन्तर्गतका आर्थिक सहयोग प्रवाह गर्ने निर्देशनालय, कृषि विकास कार्यालय, पशु अस्पताल तथा पशुसेवा कार्यालयबाट आ.व. ०७५/७६ देखि निर्माण भएका कृषि सडक/सिचाइहरूलाई जनाउनेछ।

(घ) "कार्यक्रम" भन्नाले भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्विकृत वार्षिक कृषि सडक, सिचाई कार्यक्रमलाई सम्झनु पर्नेछ ।

(ङ) "आर्थिक सहयोग" भन्नाले कृषि सडक / सिचाइबाट लाभ प्राप्त गरेका किसान, सहकारी, समुह, उपभोक्ता वा निर्माण समुहले प्राप्त गर्ने नगद वा जिन्सी वा सेवा समेतलाई सम्झनु पर्दछ ।

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)



राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

(च) "लाभग्राही" भन्नाले मन्त्रालय वा मन्त्रालय अन्तर्गतका आर्थिक सहयोग प्रवाह गर्ने निर्देशनालय, कृषि विकास कार्यालय, पशु अस्पताल तथा पशुसेवा कार्यालय मार्फत आ.ब. २०७५/०७६ बाट निर्माण भएका कृषि सडक/सिचाईका योजनावाट लाभ प्राप्त गरेका किसान, सहकारी, समुह, उपभोक्ता वा निर्माण समुह सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य

१. कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट आ.व. ०७५/७६ देखि निर्माण भएका कृषि सडक / सिचाई मर्मत तथा सम्भार गरि प्रयोगमा ल्याउने ।

२. प्राकृतिक वा अन्य कारणबश मन्त्रालय वा मन्त्रालय अन्तरगतका निकायबाट निर्माण सम्पन्न भएका कृषि सडक/सिचाई योजनाहरुको हुने क्षति न्यूनिकरण गर्ने ।

## परिच्छेद-३

## कार्यक्रम कार्यान्वयन गर्ने प्रक्रिया

३. **संचालन गरिने कार्यक्रमहरुः** मन्त्रालय वा मन्त्रालय अन्तरगतका निकायहरुबाट निर्माण कार्य सम्पन्न भएका कृषि सडक/सिचाईहरूमा लक्षित गरी तपसिलका मापदण्डका आधारमा आवश्यकता र सम्भाव्यता हेरी कृषि सडक/ सिचाई योजनाको मर्मत तथा सम्भार कार्य गर्न सकिनेछ ।

तपसिल

(क) मन्त्रालय वा मन्त्रालय अन्तरगतका निकायबाट आ.व. ०७५/७६ देखि शुरु भई सम्पन्न भएका सडक र सिचाइ योजनाहरु ।

(ख) प्राकृतिक वा अन्य कारणबश क्षती भएका सडक र सिचाइ योजनाहरु ।

तर निर्माण वा उपभोक्ता समितिबाट निर्माणको क्रममा लापरबाहिका कारण योजनामा क्षति भएको अवस्थामा सहयोग उपलब्ध गराइने छैन। यदि वास्तविक क्षती भएको हो भने प्रमाण सहित सम्बन्धित जिल्लाका कृषि बिकास कार्यालयले मन्त्रालयमा सिफारिस गरेको हुनु पर्नेछ ।

कृषि प्रसार अधिकृत (अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी सचिव

मा. विमला के.सी. मन्त्री

(ग) प्रस्ताव पेश गर्ने उद्दमी किसान, कृषि सहकारी संस्था, कृषक समुह, उपभोक्ता समिति वा निर्माण समितिले मर्मत सम्भारमा लागत सहभागिता गर्ने प्रमाण वा मर्मत कोषको व्यबस्था भएको प्रमाण पेश गर्नुपर्नेछ ।

४ **प्रस्ताव मूल्याङ्कन समितिः** प्रस्ताव मूल्याङ्कन समिति तपशिल अनुसार हुनेछ ।

मन्त्रालय अन्तरगतको कृषि बिकास महाशाखाको प्रमुख संयोजक
प्राबिधिक इन्जिनियर - सदस्य
योजना महाशाखाका अधिकृत - सदस्य सचिब

माथि उल्लेखित समितिले जिल्लावाट मर्मत सम्भारका लागि सिफारिस भई प्राप्त भएका कृषि सडक / सिचाईका प्रस्तावनाहरुलाई एकिन गरि वास्तविक आवश्यकताका आधारमा छनौट गर्नु पर्नेछ ।

५ **सम्झौता र भुक्तानी :** यस कार्यक्रमबाट मर्मत सम्भारका लागि उपलब्ध गरिने कुल रकममा कम्तिमा १५ प्रतिशत रकम बराबरको श्रमदान लाभग्राहीबाट व्यहोर्नु पर्नेछ भने बाँकी रकम कार्यक्रम बाट व्यहोरिनेछ । मन्त्रालयवाट छनौट भएका प्रस्तावनाहरुलाई सम्वन्धित जिल्लाले सम्झौता गरि कार्यान्वयन गर्नु पर्नेछ । यसरी कार्यान्वयन गर्दा आवेदकले सम्झौता वमोजिम कामकाज गरि कार्य सम्पन्न प्रतिवेदन र सम्वन्धित जिल्लाको कृषि विकास कार्यालयले भुक्तानीका लागि आवश्यक कागजात सहित यस मन्त्रालयमा सिफारिस गरि पठाए पछि सम्झौतामा उल्लेखित वमोजिमको रकम एकमुष्ट आवेदकको वैक खातामा जम्मा गरिने छ ।

६ **अनुगमन मुल्याङ्कन तथा प्रतिवेदनः** कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/ निर्देशनालय/ कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसूकै समयमा पनि अनुगमन गर्न सक्नेछ। मर्मत तथा सम्भारका लागि प्रदान गरिएको रकमको कार्य सन्चालन भएको मिति देखि वीचको अवधि र कार्य सम्पन्न भए पश्चात अन्तिम प्रतिवेदन सम्वन्धित जिल्लाको कृषि विकास कार्यालय मार्फत मन्त्रालयलाई दिए पछि अन्तिम किस्ता निजको खातामा जम्मा गरिनेछ ।अन्य कुरा प्रचलिन ऐन नियम वमोजिम गर्ने गराईनेछ ।

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

## अनुसूची १

## योजनाको मर्मत सम्भार सम्बन्धि प्रस्ताव

**क० मर्मत कार्य गरिने योजनाको प्रस्ताव**

| | |
|---|---|
| १. मर्मत तथा सम्भार गर्ने योजनाको नाम<br>योजनाको कुन भाग वा के मर्मत गर्ने हो सो को बिवरण | ठेगाना |
| ३। योजना मर्मत तथा सम्भारबाट योजनमा के कस्तो समस्याको सम्बधोन हुन्छ ? | |
| ३. योजना मर्मतका प्रमुख क्रियाकलाहरू ? | |
| ३. मर्मत तथा सम्भार गरिने योजनाको अनुमानित लम्वाई चौडाई उचाई र लागत<br>कार्य कसरी गरिन्छ ? | |
| ४. थप मर्मत कार्य आगामि दिनमा कसरी गरिन्छ ? | |
| ५. कुल लागत<br>लाभग्राहीको सहभागिता श्रमदान रकम रु | कार्यक्रमबाट माग गरिएको रकम रु |

**प्रस्ताव साथ सलग्न गर्नुपर्ने कागजपत्रहरु**

१.लागत इस्टिमेट

२.उपभोक्ताको मर्मत कार्य गर्ने निर्णयहरु

३.बैक खाता बिबरण

४.परानो सम्झौता लगायतका अन्य कागजपत्रहरु ( सम्भव भए सम्म)

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री